## कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।०८२

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको र यस नगरपालिकाको मुख्य आर्थिक क्षेत्रको रुपमा रहेको कृषि व्यवसायलाई व्यवस्थित, आधुनिकीकरण, व्यवसायिकरण, यान्त्रिकरण रबजारीकरण गरी विकसित तुल्याउन र मानव समुदायको आर्थिक बृद्धि गर्न, स्वास्थ्यका दृष्टिकोण समेत वाट कृषिजन्य पदार्थ तथा कृषि उत्पादन सामाग्रीको स्वास्थयकर उत्पादन, विक्रि वितरण, उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न, कृषि विकास लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यबिधी तयार पारिएको छ। विभिन्न समयमा कृषि उत्पादनमा महामारीको रुपमा देखा परी ठूलो आर्थिक क्षति पुर्याउने रोगहरु अन्वेषण, अनुसन्धान, पहिचान, रोगथाम तथा नियन्त्रण गरि उत्पादन बृद्धि गर्न आ.व. ०८१।०८२ को यस ढोरपाटन नगर कार्यपालिकाको स्वीकृत कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा ढोरपाटन नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि ,२०७९ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०६।१६ गते बसेको बैटकबाट यो कार्यबिधि तयार गरिएको छ।

### परिच्छेद १
### "प्रारम्भिक"

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, **"२०८१"** रहनेछ।

ख. यो कार्यविधि ढोरपाटन नगरपालिका नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुने छ।

**२. परिभाषा:**

क. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, कार्यविधि भन्नाले ढोरपाटन नगरपालिका द्धारा तयार गरिएको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ सम्झनुपर्छ।

ख. नगरपालिका भन्नाले ढोरपाटन नगरपालिका सम्झनुपर्नेछ।

ग. नगरकार्यपालिका भन्नाले ढोरपाटन नगरकार्यपालिका सम्झनुपर्नेछ।

घ. कार्यालय भन्नाले ढोरपाटन नगरकार्यपालिकाको, विभिन्न कृषक समूहहरु, कृषकहरु, कार्यक्रमहरु र कार्यविधिको आधारमा कार्यान्वयन गरिने क्रियाकलापहरुसंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने संस्था, व्यक्ति एवम सरकारी निकाय र नगरपालिका समेत बुझिनेछ।

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

ङ. कार्यक्रम भन्नाले यसै कार्यविधि अनुसार नगर कार्यापालिकाको कार्यालयद्धारा सञ्चालित र अन्य निकायहरुद्धारा सञ्चालित कृषि क्षेत्रसंग सम्वन्धित विभिन्न कार्यक्रमहरु भन्ने बुझिनेछ ।

**३. कार्यविधिका उद्देश्यहरु**

क. यस नगरपालिका क्षेत्रभित्र कृषि विकासको क्षेत्रमा योगदान पुर्याउने ।

ख. नगर क्षेत्रभित्र सञ्चालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्याउने ।

ग. नगरपालिकाद्धारा स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयनमा क्षमता विकास तथा सहजता ल्याउने ।

घ. नीजीफर्म, कृषक समूह, समिति सहकारीको माध्यमवाट अनुदानका विभिन्न कार्ययोजनाहरु सञ्चालन गर्ने ।

ङ. नगर पालिकाले विनियोजन गरेको विषय र वजेटको अधिनमा रहि आफ्नो कार्यक्रम सञ्चालन गर्ने।

च. नगरपालिकाका ९ वटै वडामा कार्यक्रम सञ्चालन गर्न सघाउ पुयाउने ।

छ. कृषकहरुलाई आर्थिक सहयोग र क्षमताविकासका माध्यमवाट नगरपालिकालाई खाद्यान्न,फलफुल तथा तरकारीमा आत्मनिर्भर गराउने मदत गर्ने ।

ज. ढोरपाटन नगरवासीलाई रोजगार उन्मुख गरि आयश्रोतमा बृद्धि गर्ने ।

## परिच्छेद २
## "रणनीति तथा कार्यक्षेत्र"

१. रणनीति

क. स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयन गर्ने संस्थागत संयन्त्र निर्माण गरी कार्यक्रमको दिगो कार्यान्वयनमा जोड दिइने,

ख. स्थानीय सीप, श्रमको उपयोग गरी स्थानीय स्रोत साधनको परिचालनमा जोड दिइने,

ग. स्थानीय रुपमा कार्यक्रम कार्यान्वयनमा अपनत्व बढाई प्रभावकारीता बृद्धि गर्ने,

घ. सम्पूर्ण वडाहरुका सवै बस्तीहरुमा कृषकहरु बीच आपसी विश्वास, साझेदारी, समन्वय र सहकार्यमा जोड दिदै नगरपालिकाको कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ,

२. कार्यक्षेत्र

क.यो कार्यविधि ढोरपाटन नगरपालिकाका सवै ९ वटै वडामा कार्यक्रम कार्यान्वयनमा लागु गर्ने ।

चिरञ्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ख. नगरपालिका अन्तर्गत रहेका सवै कृषि सेवा केन्द्र तथा वडा कार्यालयमा रहेका एक गाउँ एक प्राविधिकहरु द्धारा कार्यान्वयन गरिने सवै कार्यक्रममा यसै कार्यविधि अनुसार सञ्चालनगर्ने।

ग. नगरपालिका अन्तर्गतका सवै कृषक समूह, सहकारी र अन्य सरोकारवालाहरुको लागि समेत यो कार्याविधि उपयोगी हुनेछ।

## परिच्छेद ३
## "कार्यक्रम कार्यान्वयन तथा सञ्चालन"

**१. मौरी विकास तथा मौरी उत्पादन सम्बन्धि कार्यक्रम :**

क. यस मौरी विकास तथा मौरी उत्पादन सम्बन्धी कार्यक्रम नगरपालिकाबाट १५ दिनको सूना प्रकाशन गरि समयाबधी भीत्र प्राप्त माग निवेदनको अनुगमनको रिपोर्टको आधारमा समुह, सहकारी ,निजी फर्म छनौट गरि कार्यालयको निर्णयबमोजिम संचालन गर्ने।

ख. छनौट भएको कृषि फर्म , समुह, सहकारिमा कृषिजन्य उत्पादनमा वृद्धि गरी ब्यवसायीक रुपमा व्यक्तिगत, समुह सहकारि मार्फत कार्यक्रम संचालन गर्ने।

ग. उक्त कार्यक्रम सञ्चालनको लागि एकै ठाउँमा सम्भव नभएमा कृषक लागत साझेदारी लाई मध्यनजर गरी ५०% साझेदारीमा मौरि घार, महदानी चाका, टोपि, पन्जा,मह काड्ने मेसिन र धुवाँदानी आदि अनुदान उपलब्ध गराउन सकिने छ।

घ. कार्यक्रम सञ्चालनमा नगरपालिकामा सम्झैता गरे अनुसार कम्तीमा पनि ३ वर्ष नियमित रुपले व्यवसाय संचालन गर्नुपर्ने छ।

ङ. उक्त कार्यक्रमको कम्तिमा वर्षको २ पटक अनुगमन तथा कार्यक्रम सञ्चालन गर्ने।

च. उक्त कार्यक्रम सञ्चालनको लागि छनौट बस्तीमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने र कृषकहरुलाई तालिम तथा अभिमुखिकरण गर्ने।

छ. मौरी पालन गर्ने इच्छुक तर निम्न आय भएका कृषकलाई उन्नत उपकरण अनुदानमा दिईनेछ।

ज. कृषकको माग अनुसार १ सेटमा मौरि गोला, घार टोपि, स्टयाण्ड,धुवाँदानि, आधार चाका आदि भएको सेट वा छुट्टै बितरण गर्नु पर्ने छ।

झ. तर महदानी,मैन प्रेस मेसिन जस्ता बढी मृल्य जाने सामग्रीहरु व्यवसायिक रुपमा मौरिपालन गरिरहेका कृषक वा कषक समुहलाई मात्र वितरण गर्नुपर्नेछ।

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

गैरपाटन नगरपालिका
कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**२.फलफुल प्रवर्धन कार्यक्रम अन्तर्गत कागती,सुन्तला,ओखर र स्याउको क्षेत्र विस्तार कार्यक्रम:**

क. कार्यालयको निर्णय बमोजिम १५ दिनको सूचना प्रकाशन गरी प्राप्त निवेदनको आधारमा माग संकलन गर्ने र माग बमोजिमका बिरुवाहरु खरिद गरी ७५ प्रतिशत अनुदानमा बिरुवा वितरण गरिने छतर स्याउका।

ख. बिरुवाको माग गर्नु अगाडी बगैंचाको रेखाकंन गरी विरुवाको आवश्यकता अनुसार को खाडल खनि माग निवेदन गर्नु पर्नेछ ।

ग. खाडल खनेबापतको कुनैपनी अनुदान दिईने छैन ।

घ. माग बमोजिम बितरण गरिने विरुवा सेवा केन्द्र तथा सम्पर्क केन्द्रसम्म नगरपालिकाद्धारा ढुवानी गरिने छ ।

ङ. बगैँचा व्यवस्थापनका लागि ७५% अनुदानमा सिकेचर, आरा, करौती, थोपा सिचाई र भर्याङ दिईने छ ।

च. कार्यक्रमको प्रभावकारीताको लागि निरन्तर अनुगमन गर्ने ।

**३ . कृषकहरुलाई आश्यक पर्ने आधुनिक कृषि औजार तथा उपकरण अनुदानमा दिने कार्यक्रम:**

क. कृषकहरुलाई आवश्यक पर्ने आधुनिक कृषि औजार तथा उपकरण अनुदानमा दिने कार्यक्रम नगरपालिकाबाट सूचना प्रकाशन गरि समयाबधी भित्र प्राप्त माग निवेदनको अनुगमनको रिपोर्टको आधारमा समुह, सहकारी ,निजी फर्म तथा कृषक छनौट गरि आर्थिक बिकास को निर्णयबमोजिम संचालन गर्ने ।

ख. छनौट भएको कृषि फर्म , समुह, सहकारिमा कृषिजन्य उत्पादनमा वृद्धि गरी ब्यवसायीक रुपमा व्यक्तिगत, समुह सहकारि मार्फत कार्यक्रम संचालन गर्ने ।

ग. कृषकको माग अनुसार मिनि टिलर र कुटानि पिसानि(मिल) खरिद समितिको निर्णय अनुसार खरिद गरि ५०% अनुदानमा वितरण गर्ने ।

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**४. धान,मकै र गहुको बिउ खरिद कार्यक्रमः**

क. सूचना प्रकाशन गरी प्राप्त निवेदनको आधारमा माग संकलन गर्ने र माग बमोजिमको धान, मकै र गहुको बिउ खरिद समितिको निर्णय अनुसार खरिद गरि ५०% अनुदानमा वितरण गर्ने ।

**५. कृषि प्राबिधिक परिचालन दैनिक भ्रमण खर्च कार्यक्रमः**

ढोरपाटन नगरपालिका भित्र कृषि उत्पादन पकेटहरुमा किरा, रोग आदिले प्राय वर्षे पिच्छे बाली नाली आक्रमण गरेका हुन्छन, कहिलेकाँही यसले प्रकोपकै रुप लिन पनि सक्छ । यस्तो अवस्थामा कृषि प्राविधिकहरुले समय समयमा फिल्ड अनुगमन गरि फिल्डमा देखियका समस्याहरु समाधान गरि कृषकहरुको ठुलो क्षेती हुनबाट जगाउन सकिन्छ।कृषि प्राबिधिकले प्रत्यक महिनाको २ दिन अनिबार्य रुपमा सबै वडामा फिल्ड अनुगमनमा जानु पर्नेछ ।फिल्ड अनुगमन जादाको अनुगमन भत्ता प्रतिदिन रु १२०० का दरले अनुगमन कर्तालाई दीईने छ र अनुगमन कर्ताले अनुगमन प्रतिबेदन नबुझाएम अनुगमन भत्ता पाइने छैन ।

**६. तरकारिको बिउ वितरणः**

ढोरपाटन नगरपालिकाको ग्रामणी पोषणलाई मध्यनजर गरी एक घर एक करेसाबारी स्थापना गर्ने उद्देश्यले ढोरपाटन नगरपालिकाका प्रत्यक वडामा १०० जना कृषकलाई मौसमी तरकारिको विउ निशुल्क वितरण गर्ने । कृषकको माग निवेदन र नागरिकता संकलन गरी खरिद समितिको निर्णय अनुसार खरिद गरि कृषकलाई निशुल्क वितरण गरिने छ ।

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## सूचना प्रकाशनको ढाँचा

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ बागलुङ।

(प्रथम पटक प्रकाशन गरिएको मिति २०८१।.............।)

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिवाङ बागलुङ को आ.ब.२०८१।८२ को स्वीकृत.........................कार्यक्रम अनुसार...........................५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकाले ईच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निम्नअनुसारका कागजात विवरण सहित अनुदानका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक विवरण सम्बन्धीत कृषि शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु :**

१. प्रस्तावित ढाँचा बमोजिम आवेदन पत्र।
२. वाडा कार्यालयको सिफारिस पत्र।
३. नागरिकताको प्रतिलिपी।

..............................
प्रमुख प्रशासकिय अधिकृत

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## आनुदानकालागि कृषकले पेश गर्नु पर्ने निबेदनको ढाँचा

मिति २०८१।.................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यृ
ढोरपाटन नगरपालिका कार्यालय
बुर्तिवाङ बागलुङ ।

विषय : कार्यक्रममा सहभागि गाराई दिने बारे।

महोदय ,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ............................ गतेको प्रकाशिन सूचना अनुसार .................................... कार्यक्रम गर्न ईच्छूक रहेकाले कार्यक्रममा समाबेस गरिदिनुहुन तपसिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

तपसिल :

१.प्रस्तावित ढाँचा बमोजिम आवेदन पत्र।
२.वाडा कार्यालयको सिफारिस पत्र।
३.नागरिकताको प्रतिलिपी।

निवेदक
नाम थर :
ठेगाना :
फोन नं. :

आज्ञाले
चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत